प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

## नोभल कोरोना भाइरस (कोभिड-१९) सम्बन्धि दैनिक प्रतिवेदन

मितिः २०७८/०१/०२

(बेलुका ५:०० बजे)


### ❖ बागमती प्रदेशको कोभिड सम्बन्धित समग्र जानकारीः

- ❖ २४ घण्टामा गरिएको पिसिआर परिक्षणको संख्या २७७२ जना।
- ❖ २४ घण्टामा गरिएको पिसिआर परिक्षणको दर ७.४३ प्रतिशत ।
- ❖ २४ घण्टामा सबै भन्दा बढी नयाँ संक्रमण काठमाडौं, ललितपुर र भक्तपुरमा रहेका छन्।
- ❖ जम्मा आइसीयु बेडको संख्या ४१५, आइ.सी.युमा भर्ना भएको संख्या ३८ जना ।
- ❖ जम्मा भेन्टिलेटर बेडको संख्या १६०, भेन्टिलेटर बेडमा भर्ना भएको संख्या २० जना।
- ❖ पहिलो र दोस्रो खोप अभियानमा लक्षित जना संख्या ६,०२,६४६ जनाको ३,९६,४३९ (६५.७८%)ले यस प्रदेशमा खोप लगाउनु भयो।
- ❖ तेस्रो खोप अभियान अन्तर्गत मित्र राष्ट्र चिनले अनुदानमा दिएको खोप कार्यक्रममा आज ५ बजे सम्म ५४७१२ ले उक्त खोप लिनु भएको छ र अहिले सम्म कुनै पनि अवान्छित घटनाको बारे जानकारी आएको छैन।
- ❖ समग्रमा संक्रमण घट्ने क्रममा रहेको तर कोभिड संक्रमणको लागि हुने जोखिमका व्यवहारहरु अझै उच्च रहेकोले उच्च सावधानी आपनाउनु पर्ने देखिन्छ।

*श्रोतः सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश, स्वास्थ्य आपतकालिन कार्य संचालन केन्द्र र प्रादेशिक स्वास्थ्य आपतकालिन कार्य संचालन केन्द्र र DHISबाट प्राप्त जानकारी अनुसार र अन्य विवरण सम्बन्धित जिल्लाबाट प्राप्त आजको अन्तिम अभिलेख।(२०७८/०१/०२ )*

### ❖ बागमती प्रदेशको कोभिड सम्बन्धित समग्र जानकारीः

बागमती प्रदेशमा कोभिड संक्रमणको संख्या बढ्दो क्रममा रहेको छ।सबैले आफू र अरुलाई पनि जनस्वास्थ्यको उपायहरुको पालना गर्न प्रेरित र अनुरोध गरौं।जनस्वास्थ्यका उपायहरु निम्न बमोजिम रहेका छन्; **व्यक्ति व्यक्तिको दुरी दुई मिटर कायम** गरौं, **मास्कको प्रयोग अनिबार्य** गरौं, **साबुन पानीले पटक पटक मिचिमिची हात धोऔं, भीडभाडमा नजाऔं** र **हावा आवतजावत हुनसक्ने ठाउंमा मात्र बसौं साथै उपलब्ध भएको खोपको प्रयोग** गरौं। **यी सबै उपायहरुको अबलम्बन गर्नु जरुरी छ र माथिका उपायहरू कोभिड रोकथामको लागि प्रभाबकारी समेत रहेका छन।**




*श्रोत: स्वास्थ्य आपतकालिन कार्य संचालन केन्द्र र प्रादेशिक स्वास्थ्य आपतकालिन कार्य संचालन केन्द्रबाट प्राप्त जानकारी अनुसार (२०७८ /०१ /०२ )*

## ❖ समग्र नेपाल र बागमती प्रदेशको संक्रमणको अवस्था बारे थप विवरण:

| विवरण | कुल परिक्षण (RT-PCR/ Antigen) | कुल जम्मा संक्रमित | सक्रिय संक्रमित | निको भएको केसहरु | मृत्यु | संक्रमण दर |
|---|---|---|---|---|---|---|
| नेपालको कुल विवरण | २३२९५४७ | २८२०५४ (१००%) | ४३८४ (१.५५%) | २७४६०४ (९७.३६%) | ३०६६ (१.०९%) | १२.११ |
| बागमती प्रदेशको कुल विवरण | १३६५८५२ | १५५४३१ (१००%) | १८५२ (१.१९) | १५२५४१ (९८.१४%) | १०३८ (०.६७%) | ११.३८ |
| बागमती प्रदेशको गत २४ घन्टाको विवरण | २७७२ | २०६ | | ६२ | ४ | ७.४३ |

*श्रोत: सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ, स्वास्थ्य आपतकालिन कार्य संचालन केन्द्र र प्रादेशिक स्वास्थ्य आपतकालिन कार्य संचालन केन्द्रबाट प्राप्त जानकारी अनुसार (२०७८ /०१ /०२ )*

## ❖ गत २४ घण्टामा सक्रिय संक्रमित व्यक्तिहरुको व्यवस्थापनको संख्या:

| सक्रिय संक्रमित व्यक्तिहरुको व्यवस्थापन | | | | |
|---|---|---|---|---|
| | संस्थागत आइसोलेसन | आइ.सी.यु | भेन्टिलेटर | होम आइसोलेसन |
| संख्या | १६५ | ३८ | २० | १६८७ |

*श्रोत: स्वास्थ्य आपतकालिन कार्य संचालन केन्द्र र प्रादेशिक स्वास्थ्य आपतकालिन कार्य संचालन केन्द्रबाट प्राप्त जानकारी अनुसार र अन्य विवरण सम्बन्धित जिल्लाबाट प्राप्त आजको अन्तिम अभिलेख (२०७८/०१/०२ )*

❖ गत २४ घण्टामा प्राप्त जिल्लागत निधनको विवरणः

| जिल्ला | संख्या | विवरण |
|---|---|---|
| काठमाडौं | २ | ७४ वर्षिया महिला र ५४ वर्षीय पुरुष |
| भक्तपुर | १ | ४९ वर्षिय पुरुष |
| ललितपुर | १ | ७८ वर्षिया महिला |
| जम्मा | ४ | |

*श्रोतः स्वास्थ्य आपतकालिन कार्य संचालन केन्द्र र प्रादेशिक स्वास्थ्य आपतकालिन कार्य संचालन केन्द्रबाट प्राप्त जानकारी अनुसार र अन्य विवरण सम्बन्धित जिल्लाबाट प्राप्त आजको अन्तिम अभिलेख (२०७८/०१/०२ )*

❖ काठमाडौंकी ७४ वर्षिया महिला कोभिड, अक्शिजनको कमि र मुटुको रोगको कारणले चैत्र ३० गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा बैशाख १ गते निधन भएको छ। उहाँको चैत्र २८ गते कोभिड-१९ पुष्टि भएको थियो। उहाँलाई अरु कुनै रोगको समस्या थिएन।

❖ काठमाडौंका ५४ वर्षीय पुरुष कोभिड र गम्भीर मेटाबोलिक एसिडोसिसको कारणले चैत्र ३१ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा बैशाख १ गते निधन भएको छ। उहाँको बैशाख १ गते कोभिड-१९ पुष्टि भएको थियो। उहाँलाई क्यान्सर रोगको समस्या थियो।

❖ भक्तपुरका ४९ वर्षिय पुरुष कोभिड र निमोनियाको कारणले चैत्र १३ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा बैशाख २ गते निधन भएको छ। उहाँको चैत्र १० गते कोभिड-१९ पुष्टि भएको थियो। उहाँलाई प्रोस्टेट सम्बन्धि समस्या र पाचन प्रणालीमा समस्या थियो।

❖ ललितपुरकी ७८ वर्षिया महिला कोभिड, निमोनिया र मुटुमा समस्या भएको कारणले चैत्र २९ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा बैशाख २ गते निधन भएको छ। उहाँको चैत्र ३० गते कोभिड-१९ पुष्टि भएको थियो। उहाँलाई अरु कुनै रोगको समस्या थिएन।

❖ उहाँहरुको दुखद् निधनमा सामाजिक विकास मन्त्रालय हार्दिक समवेदना प्रकट गर्दछ।

❖ जिल्लागत पी.सि.आर.(PCR)/Antigen परिक्षण सम्बन्धी विवरणः

| जिल्ला | RT-PCR / Antigen परिक्षण सम्बन्धी विवरण | | |
|---|---|---|---|
| | जम्मा संकलित स्वाब संख्या | जम्मा पोजेटिभ | आजको नयाँ संक्रमण |

| | | | |
|---|---|---|---|
| काठमाण्डौ | ७९२२४८ | १०५६२१ | १४५ |
| ललितपुर | ३३९०३७ | १६९१७ | ४३ |
| भक्तपुर | २८५०३ | ९५४१ | ८ |
| रसुवा | ३५८५ | २५९ | - |
| नुवाकोट | ११२३६ | १६३० | १ |
| धादिङ | ६५१९ | १८०५ | २ |
| चितवन | ८१००० | ८४३१ | ३ |
| सिन्धुली | ४३६४ | ६०५ | - |
| मकवानपुर | ३५१३७ | ४४८५ | - |
| रामेछाप | ३०७३ | ५९८ | - |
| दोलखा | ३५१० | ८०३ | १ |
| काभ्रेपलान्चोक | ५०९०५ | ३६८४ | ३ |
| सिन्धुपाल्चोक | ६७३५ | १०५२ | - |
| **जम्मा** | १३६५८५२ | १५५४३१ | २०६ |

*श्रोतः स्वास्थ्य आपतकालिन कार्य संचालन केन्द्र र प्रादेशिक स्वास्थ्य आपतकालिन कार्य संचालन केन्द्रबाट प्राप्त जानकारी अनुसार र अन्य विवरण सम्बन्धित जिल्लाबाट प्राप्त आजको अन्तिम अभिलेख (२०७८/०१/०२ )*

## ❖ संक्रमितको खोजी र फलो-अप कार्यः

सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, स्थानीय महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका, स्थानीय स्वास्थ्य संस्था एवम् अस्पतालहरु मार्फत सम्पर्कमा आएका व्यक्तिको खोजी, सम्पर्कितहरुको फलो-अप र अन्य व्यवस्थापन (काठमाण्डौ, भक्तपुर र ललितपुरको हकमा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको समेत समन्वयमा) कार्य भईरहेको छ।

## ❖ प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा भएको पि. सि. आर. परीक्षणको विवरणः

प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा हिजोसम्म प्राप्त भएको पी. सी. आर परिक्षणको विवरण यस प्रकारको रहेको छः

| | हालसम्म | आज प्राप्त | आज परिक्षण | आज परिक्षण भएको स्वाबको | कै. |
|---|---|---|---|---|---|

| प्रयोगशाला | प्राप्त स्वाबको संख्या | स्वाब संख्या | भएको स्वाबको संख्या | नतिजा | | |
|---|---|---|---|---|---|---|
| | | | | पोजिटिभ | नेगेटिभ | |
| धुलिखेलको प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | ५२३७५ | परिक्षणको नतिजा आउन बाँकी। | | | | |
| त्रिशुली अस्पताल प्रयोगशाला | ५१८५ | ७४ | ७४ | ४ | ७० | |
| भक्तपुर अस्पताल प्रयोगशाला | ३१६४ | परिक्षणको नतिजा आउन बाँकी। | | | | |
| सिन्धुली अस्पताल प्रयोगशाला | ४८७ | | | | | |
| हेटौंडा अस्पताल प्रयोगशाला | ६५४ | १० | १० | मकवानपुर-१ | ९ | |

*श्रोतः प्रादेशिक स्वास्थ्य आपतकालिन कार्य संचालन केन्द्रबाट प्राप्त जानकारी अनुसार र अन्य विवरण सम्बन्धित प्रयोगशालाबाट प्राप्त आजको अन्तिम अभिलेख (२०७८/०१/०२ )*

❖ कोभिड-१९ सम्बन्धि थप जानकारीको लागि निम्न उल्लेखित वेबपेज हेर्न हार्दिक अनुरोध छ:

-सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश: http://mosd.p३.gov.np/
-स्वास्थ्य तथा जनसंख्या मन्त्रालय: https://covid१९.mohp.gov.np/#/
-नेपाल सरकार गृह मन्त्रालय : https://covid१९.ndrrma.gov.np/
-कोभिड-१९ संकट ब्यवस्थापन केन्द्र: ccmc.gov.np
-इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा: http://www.edcd.gov.np/news/covid-१९-situation-updates
-विश्व स्वास्थ्य संगठन / नेपाल: https://www.who.int/nepal

❖ कोभिड-१९का लक्षण भएका व्यक्तिहरुले सोधपुछका लागि हटलाइन १११३३ वा मोबाइल नम्बर ९८५१२५५८३९मा सम्पर्क गर्नुहुन अनुरोध छ।

**अन्त्यमा सदाझै यहाँहरूको अमूल्य सुझाव र सहयोगको अपेक्षा गर्दछौं ।**

**धन्यवाद !**

डा. पुरुषोत्तम राज सेढाई
प्रवक्त